# "नेपाल वन कर्मीहरुको संयुक्त प्रेस विज्ञप्ति "

■ विर्ख छेत्री

आदरणीय वनप्रेमी सहयात्रीहरु
तथा
समस्त देशवासी नागरिकहरुमा
हरियाली संयुक्त अभिवादन !

अनकण्टार जंगलको गुफाबाट निस्किएर
युगको नाइल नदीमा
विकासको डुंगा चढेर
सभ्यताको यात्रामा पौडिंदा पौडिंदा
एक्काइसौं शताब्दीको भंगालोमा आइपुगिएछ,
तैपनि जीवनको ध्रुवतारा....
सुदूर क्षितिजमा जहाँको तहीं झल्मलाई रहेको देखिंदैछ ।
यसैले आजसम्मको यात्रारत दूरी नाप्दै
भोलिका लम्बाईहरु छोट्याउन
हामी गोलमेच सम्मेलनको आयोजना गर्दैछौं ।

२००३ को प्रातकाल सँगै
हामी वनकर्मीहरु गोलमेच सम्मेलनतर्फ जुटिसकेका छौं ।
यो गोलमेच सम्मेलनमा
हामी 'पद' का आकाशवेली लहराहरु
'पावर' का अक्टोपसीय नंग्राहरु
'पैसा' का मायावी त्रिपुर आसनहरु
'सरकारी तथा गैर-सरकारी' नामका ढुंगे सीमानाहरु
विशेषज्ञताका कागजी प्रमाणपत्र तथा
ठेलायुक्त हत्केलाबीचका अन्तर्विरोध र दूरीहरु
अनि अरु सबै कालपासहरु, जसले
स्वच्छ वातावरण स्वस्थ्य पृथ्वीको स्वर्णिम सपना देख्न
तुवाँलो उठाएर हामीलाई छेकिरहेका छन् ।
हामीले बाँधेका ती सबै पगरीहरु
कम्तिमा पनि सम्मेलन अवधिभरको लागि
गोलमेचको मियोमा सिउरिएर
हामी विशुद्ध मान्छेको रुपमा
आ-आफ्नो आसन ग्रहण गर्नेछौं ।
सभ्यता, संस्कृति र विकासको नाममा

हामीले गरेका लाभ-हानिका प्रयास तथा दुष्प्रयासहरुको समीक्षा
मान्छेको भाषामा प्रस्तुत गर्नेछौं ।
त्यो सम्मेलनले....
'समस्यालाई' प्रमुख शत्रुको रुपमा घोषणा गर्नेछ,
'सपनातिर' साझा अभियानको बग्गी चलाउनेछ ,
युद्ध परिणाममा
जीविकोपार्जनका स्थानीय आवश्यकता र
विश्व वातावरणीय अपेक्षा
अँगालोमार्दै ध्रुवतारातिर लम्कने छन् ।
स्वच्छ वातावरण र स्वस्थ्य पृथ्वीको काखमा उभिएर
हामी ध्रुवतारालाई एक क्षितिज नजिकमा तान्न सक्नेछौं ।

हामीलाई थाहा छ,
"forest पृथ्वीमा for rest का लागि हो -
जसको विकल्प अर्को हुनै सक्दैन"
त्यसैले त यसबाट तिमी 'बन' भनेर 'वन' भनियो ।

सो सम्मेलन सफल पार्नका लागि ,
आत्मासाक्षी साथ हामी
नीति निर्माताहरु
कार्यान्वयनकर्ताहरु
अनुसन्धानकर्ताहरु
सहजकर्ताहरु
प्रयोग तथा उपयोगकर्ताहरु
आर्थिक तथा प्राविधिक सहयोगकर्ताहरु सहित
सम्मेलनका सबै प्रतिनिधिहरु
राजीखुशी र होश हवासका साथ
यो संयुक्त प्रेस विज्ञप्तिमा हस्ताक्षर गर्दछौं ।

(लेखक नम्समा कार्यरत हुनुहुन्छ)